# लेखापरीक्षणमान बोर्ड

**(नेपाल सरकारद्वारा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत गठित)**

**पाचौं तल्ला, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको भवन, सातदोवाटो, ललितपुर**

**फोन नं. ०१-५५३९४३७, इमेलः ausb@standards.org.np , वेवसाइटः www.ausb.org.np**

## विज्ञ परामर्शदाता नियुक्तिको लागि निवेदन माग सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/११/१२)**

राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्न र लेखा व्यवसाय एवं लेखापरीक्षणको महत्वप्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास संरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (पहिलो शंशोधन २०५९ सहित) को परिच्छेद ३(ख) को दफा १५(घ) बमोजिम वि.सं २०५९ फाल्गुण २६ (मार्च १०, २००३) मा नेपाल सरकारद्वारा लेखापरीक्षणमान बोर्डको गठन भएको हो ।

यस **लेखापरीक्षणमान बोर्ड**मा देहाय बमोजिमको कार्य विवरण अनुसार कार्य गर्ने गरी **विज्ञ परामर्शदाता** नियुक्त गर्न पर्ने भएकोले देहाय बमोजिमको न्युनतम योग्यता र अनुभव हासिल गरेका इच्छुक योग्य नेपाली नागरीकबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले **७ दिन भित्र** रितपुर्वक निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**१. पदः** विज्ञ परामर्शदाता

**२. आवश्यक न्युनतम योग्यताः** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य भएको कम्तिमा ५ वर्ष पुरा भएको

**३. पदावधिः** मिति २०७७ चैत्र १ देखि मिति २०७८ असार मसान्त सम्म (४ महिना)

**४. कार्य समयः** हप्ताको ३ दिन वा मासिक १२ दिन कार्यालयमा उपस्थित भई कार्य गर्नु पर्ने

**५. पारिश्रमिक तथा सुविधाः** आपसी समझदारी अनुसार

**६. निवेदन पेश गर्ने विधिः** क) कार्यालयमा उपस्थित भई पेश गर्ने वा बोर्डको इमेलमा मेल गर्ने

**७. निवेदन साथ पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः** निवेदकले निवेदन पेश गर्दा देहाय बमोजिमको कागजात तथा विवरण पेश गर्नु पर्नेछ :

क) निवेदन पत्र

ख) वैयक्तिक विवरण (Bio Data)

ग) नेपाली नागरीकताको प्रमाणपत्र

घ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाण पत्र

ङ) चालु आवको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता नविकरण

च) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

**८. छनौट विधिः** अन्तरवार्ता

**९. विज्ञ परामर्शदाताको कार्य विवरण**

क) अन्तराष्ट्रिय लेखापरीक्षणमान, आश्वस्ततामान तथा IFAC, IAASB, SAFA, CAPA लगायतका अन्तराष्ट्रिय संस्थाहरुका नयाँ गतिविधिहरुको अध्ययन गरी बोर्डलाई नियमित जानकारी गराउने ।

ख) नेपाल लेखापरीक्षणमानको "मार्ग निर्देशन तथा सन्दर्भ सामग्री" को मस्यौदाको अध्ययन गरी अन्तिम मस्यौदा तयार गर्न आवश्यक सहयोग गर्ने ।

ग) बोर्डले सञ्चालन गर्ने तालिम (उपत्यका भित्र तथा बाहिर), अन्तरक्रिया, गोष्ठी, कार्यशाला आदि संचालन गर्न विषयवस्तु पहिचान गरी चिनारी विवरण तथा तालिम सामग्री तयार गर्न सहयोग गर्ने गराउने ।

घ) विभिन्न बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, जलविद्युत एवम् उत्पादक कम्पनी लगायतका अन्य सुचिकृत संस्थाहरुको विगत वर्षहरुदेखिको लेखापरीक्षण प्रतिवेदनको अध्ययन अनुसन्धान तथा विश्लेषण गरी प्रतिवेदन तयार पार्ने ।

ङ) अन्तराष्ट्रिय लेखापरीक्षणमान तथा आश्वस्ततामानका घोषणा भएका नयाँ मानहरुका आधारमा बोर्डको निर्देशन बमोजिम नेपाल लेखापरीक्षणमान तयार गर्न सहयोग गर्ने ।

च) नेपाल लेखापरीक्षणमानका Practice Statements को मस्यौदा तयार पार्न सहयोग गर्ने ।

छ) बोर्डले तोके बमोजिमको लेखा तथा लेखापरीक्षणमान सँग सम्बन्धित अन्य कार्य गर्ने ।

**१०. अन्य**

कुनै पनि निवेदकलाई Short list गर्ने नगर्ने, अन्तरवार्तामा संलग्न गराउने नगराउने तथा नियुक्त गर्ने नगर्ने लगायतका सम्पुर्ण अधिकार बोर्डमा निहित रहनेछ ।